annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १६०, पृष्ठ ८ | काठमाडौं, बुधबार २१ असोज २०८३ | आश्विन शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४६ | WEDNESDAY, OCTOBER 7, 2026 | मूल्य : रु. १०

विपद्को बजेट जति संघमा, दोष जति स्थानीय सरकारलाई

भोटेकोशी बाढीपछि स्वदेशी/विदेशी दाताले प्रधानमन्त्री राहत कोषमा ह्वारह्वार्ती सहयोग रकम जम्मा गरे। कोषमा १६ अर्ब बढी रकम जम्मा भइसकेको छ। तर, जनताको घरदैलोका स्थानीय सरकारसँग विपद् उद्धार र राहतका लागि खर्च गर्ने बजेट छैन। जबकी पीडितले सबैभन्दा बढी घच्घच्याउने र सहयोग माग्ने स्थानीय सरकारसँग नै हो। केन्द्रले बजेट र जनशक्ति उपलब्ध नगराउँदा आफूहरू अप्ठ्यारोमा परेको स्थानीय सरकारका प्रतिनिधिका गुनासो छ।

केशरराज क्षेत्री | *बुटवल*

समाचार पृष्ठ २



कांग्रेस महाधिवेशन

पदाधिकारी ताक्नेको लर्को

राधा खनाल | *काठमाडौं*

कांग्रेसको समकालीन राजनीतिमा निवर्तमान सभापति शेरबहादुर देउवासँगै छुटेका बाहेकका सिनियर नेताहरू अधिकांशले पदाधिकारी ताकेका छन्। नेपाली कांग्रेसको १५औं महाधिवेशनमा अधिकांशले पदाधिकारीमा रहर गरेका छन्।

सभापतिमा गगन थापासहित किशोरसिंह राठौर र श्यामकृष्ण खड्कीले पनि उम्मेदवारी दर्ता गरेका छन्। वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भएका छन्। त्यसैगरी २ खुला उपसभापति पदका लागि ९ जना र १ समावेशी उपसभापतिका लागि ५ जना मैदानमा उत्रिएका छन्। महामन्त्रीतर्फ १ महिला पदका लागि ३ जना र २ खुला पदका लागि ८ जना प्रतिस्पर्धामा छन् भने सहमहामन्त्रीका विभिन्न समूहमा खसआर्यमा ३, आदिवासी जनजातिमा २, मधेसीमा ८, दलितमा ४, थारुमा ३, अल्पसंख्यक/अपांगतामा ३, मुस्लिममा ३, खुलामा ७, पिछडिएको क्षेत्रमा ७ र महिला सहमहामन्त्रीमा २ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

पदाधिकारीको संख्या पनि १४ बाट २० पुऱ्याएसँगै विगतमा केन्द्रीय समितिमा रहेका नेताहरूले पदाधिकारी रोजेका छन्। सबैको ध्यान पदाधिकारीमा रहँदा पार्टी जीवनमा महत्त्वपूर्ण योगदान गरेका नेताहरू छुट्ने निश्चित छ। सभापति गगन थापाले समेत सिनियर नेताहरू केन्द्रीय नेतृत्वबाट बाहिरिने जोखिम रहेको भन्दै चिन्ता व्यक्त गरेका छन्। 'धेरैभन्दा धेरै साथीहरूले पदाधिकारीमा मनोनयन गरिरहनु भएको छ। यसले गर्दा धेरै साथीहरू बाहिर रहनुहुन्छ कि भन्ने चिन्ता लागिरहेको छ,' थापाले सभापतिमा मनोनयन गरेपछि भने, 'त्यसकारण मैले धेरैलाई अनुरोध पनि गरिरहेको छु। सबैलाई मिलाएर लिएर जाने नेतृत्वको जिम्मेवारी हो। हामी सबैलाई मिलाएर लिएर जान चाहान्छु। त्यसकारण सबै जना पदाधिकारी बन्ने कोसिस नगरौं।'

नेताहरूलाई समेट्न भन्दै कांग्रेसले केन्द्रीय कार्यसमितिको आकार १ सय ६७ बाट बढाएर २ सय ९७ सदस्यीय बनाएको छ। मंगलबार राति अबेरसम्म पदाधिकारीमा विश्वप्रकाश शर्मा र पुष्पा भुसालमात्रै सर्वसम्मत् भएका छन्। शर्मालाई वरिष्ठ उपसभापति सुनिश्चित गरेर थप उपसभापति, महामन्त्री तथा सहमहामन्त्रीका पद थपिएका छन्। कांग्रेसले नेतृत्व चयनलाई विभिन्न ८० क्लस्टरमा विभाजन गरेको छ।

» बाँकी पृष्ठ ६

'धेरैभन्दा धेरै साथीहरूले पदाधिकारीमा मनोनयन गरिरहनु भएको छ। यसले गर्दा धेरै साथीहरू बाहिर रहनुहुन्छ कि भन्ने चिन्ता लागिरहेको छ।'

गगन थापा, सभापति

- सभापतिमा गगन, किशोरसिंह र श्यामकृष्णबीच त्रिपक्षीय भिडन्त ।
- केन्द्रीय समितिको आकार १ सय ६७ बाट बढाएर २ सय ९७ पुऱ्याइयो ।
- पदाधिकारीको संख्या १४ बाट बढाएर २० बनाइयो ।
- वरिष्ठ उपसभापतिमा शर्मा र महिला उपसभापतिमा भुसाल निर्विरोध ।

बागचन्दसहित ४ न्यायाधीश सर्वोच्चमा

२ सदस्यको फरक मत

रत्नबहादुर बागचन्द | चन्द्रबहादुर सारू | जनक पाण्डे | गोकर्ण डाँगी

दिनेश गौतम | *काठमाडौं*

न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि उच्च अदालतका मुख्य न्यायाधीशसहित ४ जना न्यायाधीशहरूलाई सिफारिस गरेको छ।

परिषद्का अध्यक्ष एवं प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माको अध्यक्षतामा मंगलबार बसेको बैठकले उच्च अदालतका मुख्य न्यायाधीश एवं न्यायाधीशहरूलाई सिफारिस गरेको हो। परिषद्की प्रवक्ता रामप्यारी सुनुवारका अनुसार, उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द, उच्च अदालत पाटनका न्यायाधीश चन्द्रबहादुर सारू, उच्च अदालत पाटन, हेटौंडा इजलासका न्यायाधीश जनक पाण्डे, उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जका न्यायाधीश गोकर्ण डाँगीलाई सिफारिस गरिएको छ।

कैलालीका बागचन्द सबैभन्दा वरिष्ठ मुख्य न्यायाधीश हुन्। ५७ वर्षीय बागचन्दले पीएचडी, एमए, बीएल गरेका छन्। २०६६ सालमा न्याय सेवामा प्रवेश गरेका बागचन्द दुई वर्षअघि मुख्य न्यायाधीश भएका हुन्। त्यस्तै अर्घाखाँचीका ६० वर्षीय सारू पनि सर्वोच्चको न्यायाधीशमा सिफारिस भएका छन्। उनी २०४७ सालमा न्याय सेवामा प्रवेश गरेका हुन्।

» बाँकी पृष्ठ ६

बाढीले उद्योग बगायो, किस्ता तिर्न बैंकको ताकेता

बिमाले पैसा पनि नदिएपछि व्यवसायीमाथि थपियो अर्को पीडा

केदार ढकाल | *नुवाकोट*



भदौ १० गतेको भोटेकोशी बाढीले नुवाकोटका ३५ भन्दा बढी उद्योगमा क्षति पुऱ्याएको छ। उद्योग बगाउँदा, मेसिनरी र पूर्वाधारमा क्षति पुग्दा २ अर्ब रुपैयाँभन्दा बढीको भौतिक नोक्सानी भएको र १ हजारभन्दा बढी श्रमिक तथा कर्मचारी प्रभावित भएको उद्योगीहरूले बताएका छन्।

बाढीका कारण विदुर नगरपालिका, बेलकोटगढी नगरपालिका र तारकेश्वर गाउँपालिकाका विभिन्न वडामा सञ्चालित उद्योगहरू प्रभावित भएका छन्। लेदो, माटो, बालुवा, ढुंगा तथा रोडासहितको बाढीले उद्योगका भवन, मेसिनरी, कच्चा पदार्थ, उत्पादित वस्तु, गोदाम, विद्युत् संरचना र अन्य भौतिक पूर्वाधारमा क्षति पुऱ्याएको छ।

प्रभावित उद्योगमा कृषि तथा कृषिजन्य उद्योग, कुखुरा तथा पशुपालन, ह्युम पाइप, पोलिथिन पाइप, ग्याभियन जाली, डेरी, कपडा तथा कपास, बालुवा प्रशोधन, खाद्य तथा धान-तोरी मिल, क्रसर, काठ मिल र ब्लक-ब्रिक उद्योगलगायत छन्।

बाढीबाट उद्योग नै तहसनहस भएपछि पुनः सञ्चालनको तयारी गरिरहेका उद्यमीहरू बैंकको कर्जा, ब्याज, बिमा दाबी र सरकारी प्रक्रियाका कारण थप समस्यामा परेको बताएका छन्।

उद्योगी कुसुमकुमार कार्कीका अनुसार विपद्का कारण उद्योगको भौतिक संरचना र उत्पादन सामग्रीमा ठूलो क्षति पुगेको अवस्थामा पनि बैंकको कर्जा र ब्याजको दायित्व भने निरन्तर रहेको छ। बिमा दाबी प्रक्रिया लामो हुनु तथा आवश्यक कागजात समयमै बुझाउन नसक्दा उद्यमीहरू थप अप्ठ्यारोमा परेको उनको भनाइ छ। 'उद्योग नै नरहेपछि आम्दानीको स्रोत बन्द भएको छ। तर, बैंकको कर्जा र ब्याजको दायित्व रोकिएको छैन,' कार्कीले भने, 'सरकारले केही समयका लागि ब्याजमा सहुलियत, कर्जा पुनर्संरचना र बिमा दाबी फछ्र्यौंटमा विशेष व्यवस्था नगरे धेरै उद्योग पुनः सञ्चालन हुन कठिन हुन्छ।'

उनका अनुसार अहिले उद्योगीलाई नगद राहतभन्दा पनि उद्योग पुनः सञ्चालन गर्न सक्ने वातावरण र नीतिगत सहजीकरण आवश्यक छ। उद्योग सञ्चालनमा आएमात्रै रोजगारी सिर्जना हुने र स्थानीय बजार तथा अर्थतन्त्र चलायमान हुने उनले बताए।

एकद्वार प्रणालीबाट क्षति प्रमाणीकरण गर्न माग

बाढीबाट प्रभावित उद्योगको पुनर्स्थापनाका लागि 'बाढी प्रभावित उद्योग पुनर्स्थापना समन्वय संयन्त्र, नुवाकोट' ले सरकारसँग विशेष राहत तथा पुनरुत्थान प्याकेज माग गरेको छ।

संयन्त्रका संयोजक राजाराम अधिकारीले उद्योग सञ्चालनको वातावरण बनाउन तत्काल नीतिगत, वित्तीय र प्रशासनिक सहजीकरण आवश्यक रहेको बताएका छन्। 'उद्यमी राहत मागेर बस्न चाहँदैनन्। पुनः उद्योग सञ्चालन गर्न सक्ने वातावरण चाहिएको हो,' अधिकारीले भनेका छन्, 'हाम्रो माग कुनै व्यक्ति, संस्था वा सरकारविरुद्ध होइन। उद्योग बचाउने, रोजगारी जोगाउने, स्थानीय अर्थतन्त्र जोगाउने र नुवाकोटको आर्थिक पुनरुत्थान गर्ने उद्देश्य हो।'

संयन्त्रले प्रभावित उद्योगको वास्तविक क्षति यकिन गर्न स्थानीय तह, जिल्ला प्रशासन, प्रहरी, कर कार्यालय, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी र नेपाल विद्युत् प्राधिकरणको समन्वयमा एकद्वार प्रणाली लागू गर्न माग गरेको छ।

विपद्का कारण तत्काल कागजात र सूचना पेस गर्न नसकेका उद्योगलाई राहत तथा सरकारी सुविधाबाट वञ्चित नगर्न पनि उद्योगीहरूले माग गरेका छन्। कर कार्यालयमा क्षतिको विवरण पेस गर्ने समयसीमा थप गर्न तथा विलम्ब क्षमादानको व्यवस्था गर्न उनीहरूको माग छ।

त्यस्तै, पुराना कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरण गरी कम्तीमा पाँच वर्षका लागि सहुलियतपूर्ण पुनरुत्थान कर्जा उपलब्ध गराउन र भदौ १० देखि उद्योग पुनः सञ्चालन नभएसम्म ब्याजमा सहुलियत वा छुट दिन माग गरिएको छ।

» बाँकी पृष्ठ ६